मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : ११९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ चैत ४ गते बुधवार (Wednesday, March 17. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

''आर्थिक सशक्तिकरणसहितको सामाजिक जागरण: ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रुपान्तरण''

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## झापाका ४०१ जनामा हात्तीपाइले

**झापा, चैत ३।** सरकारले हात्तीपाइले रोग निवारणमा विशेष कार्यक्रम सञ्चालन गरे पनि झापामा अझै हात्ती पाइले रोगीको संख्या चार सयभन्दा बढी रहेको पाइएको छ।

जिल्ला स्वास्थ्य कार्यालय झापाका अनुसार हात्ती पाइलेका कारण हाइड्रोशिल भएका मात्रै ३ सय १ जना रोगी छन्। त्यस्तै खुट्टा सुन्निएका ११२ जना र हात र स्तन सुन्निएकाहरुको संख्या ९३ जना रहेको जिल्ला स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन जीवन चम्लागाँईले जानकारी दिए।

विशेषगरी भारतसंग सीमाना जोडिएका पालिकाहरुमा संक्रमितको संख्या धेरै छ- उनले भने - सरकारले हात्ती पाइले रोग निवारणका लागि विशेष कार्यक्रम सञ्चालन गरे पनि झापामा हात्तीपाइले रोग पूर्ण रुपमा निवारण हुन सकेको छैन। यस वर्ष पनि केन्द्रीय कार्यक्रम अनुसार हात्तीपाइले रोग निवारणका लागि कार्यक्रम सञ्चालन हुँदैछ- चम्लागाँईले भने ।

हात्तीपाइले(फाईलेरिया) रोग मानिसलाई नराम्रोगरी शारीरिक रुपमा अशक्त, असमर्थ तथा अपाङ्ग बनाउने सरुवा रोग हो। यो रोग एक प्रकारको मसिनो धागो आकारको जुका जस्तै परजीवीबाट संक्रमण भएपछि लाग्छ। क्युलेक्स जातको संक्रमित पोथी लामखुट्टेले स्वस्थ्य मानिसलाई टोकेर यी परजीवीहरू मानव शरीरमा प्रवेश गरेपछि यो रोग लाग्छ। संक्रमण गराउने यस्ता परजिबी तीन प्रकारका हुन्छन्- चम्लगाँईले भने - लामखुट्टेको टोकाइवाट लाग्ने हात्तीपाइलेमा उचेरेरिया वान्क्रोटी ९० प्रतिशत, ब्रुजिया मालायी र ब्रुजिया टिमोरी १० प्रतिशत संक्रमण हुन्छ। नेपालमा हात्तीपाइले रोग उचेरेरिया, बाँन्क्रोटी नामकोपरजिवीद्वारा मात्र लाग्ने गरेको पाइएको छ।

हात्ती पाइले रोग निवारणका लागि सरकारले हात्तीपाइले रोगको प्रकोप देखापरेका झापासहितका ६१ वटा जिल्लाहरु र शंकास्पद हात्तीपाइले रोगीहरुको रिपोर्टिङ भैराखेका केही जिल्लाहरुमा रहेका सबैजसो सरकारी अस्पतालहरुबाट निःशुल्क हाइड्रोशिल अप्रेशन सेवा प्रदान गर्दै आएको छ। आर्थिक वर्ष २०७२/०७३ बाट अभियानको रुपमा शुरुवात गरिएको यो कार्यक्रम यस वर्ष पनि कायमै रहेको छ, जसमा सबैजसो हाइड्रोशिल बिरामीहरुको निःशुल्क अप्रेशन गरिँदै आएको बताइएको छ।



### चैत २० गतेदेखि हात्तीपाइलेविरुद्धको आमऔषधि सेवन कार्यक्रम

हात्तीपाइले रोग निवारणका लागि जिल्ला स्तरमा रहेका स्वास्थ्य सम्बन्धी कार्य सञ्चालन गरिरहेका गैरसरकारी संघ-संस्था, प्राइभेट अस्पताल तथा नर्सिङहोमहरु, सरकारी अस्पतालका प्रतिनिधि, प्राथमिक स्वास्थ्य केन्द्र र हेल्थपोष्ट प्रमुख (अनिबार्य उपस्थिति), गापा र नपाका पदाधिकारीहरु, स्वास्थ्य र शिक्षा शाखाका संयोजक र सह संयोजकहरु, लेखा, स्टोर र प्रशासनका कर्मचारीहरु र जिल्ला सदरमुकाममा भएको स्थानीय तहमा जिल्ला स्वास्थ्य फिल्ड कार्यालयका प्रमुख लगायत कम्तीमा २० जना सम्म सहभागी रहने गरी एक दिन विगतमा एमडीए सञ्चालन गर्दाको समीक्षा गर्दै आएको छ।

यसैबीच चैत २० गतेदेखि सञ्चालन हुन लागेको हात्तीपाइलेबिरुद्धको आमऔषधि सेवन कार्यक्रमलाई प्रभावकारी बनाउन झापाको भद्रपुरमा प्रचारात्मक अभियान शुरु गरिएको छ।

हात्तीपाइले रोग निवारणका आमऔषधि सेवन कार्यलाई प्रभावकारी र फलदायी बनाउने उद्देश्यले भद्रपुर नगरपालिकाले मंगलबार नगरस्तरीय योजना तर्जुमा गोष्ठी तथा अभिमुखीकरण सम्पन्न गरेको छ। नगर स्वास्थ्य शाखाको आयोजनामा नगरप्रमुख जीवनकुमार श्रेष्ठको अध्यक्षतामा जनप्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधिहरु, स्वास्थ्यकर्मी, स्वास्थ्य स्वयम्सेविका तथा स्थानीय संघ-संस्थाका प्रतिनिधिहरुको सहभागितामा अभिमुखीकरण गरिएको थियो।

कार्यक्रममा नगरप्रमुख श्रेष्ठले आमऔषधि सेवन कार्यक्रम सफल बनाउन सबै पक्षले सहयोग पुर्‍याउनुपर्ने बताए। उनले विगतमा विभिन्न भ्रमका कारण राज्यले प्रक्षेपण गरेको लक्ष्य पूरा गर्न नसकिएको बताउँदै सबैले ढुक्कसँग औषधि सेवन गर्ने वातावरण बनाउन यसका सकारात्मक पक्षहरुका बारे सर्वसाधारणमा चेतना फैलाउनुपर्नेमा जोड दिए। जिल्ला स्वास्थ्य कार्यालयका फोकल पर्सन चम्लागाँईले सहजीकरण गरेको कार्यक्रमको सञ्चालन नगर स्वास्थ्य शाखाका मनोज भट्टराईले गरेका थिए। भद्रपुरमा ५८ हजार ६०४ जनालाई हात्तीपाइलेविरुद्धको औषधि खुवाउने लक्ष्य रहेको उनले बताए।

क्युलेक्स जातको पोथी लामखुट्टेले हात्तीपाइले गराउने गर्दछ। नेपालमा सन् २०१२देखि हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउने राष्ट्रिय कार्यक्रम सञ्चालन गरिएको हो। वर्षमा एकपटक गरी लगातार पाँच वर्षसम्म डीइसी र एडबन्डाजोल नाम औषधि सेवन गर्दा होत्तीपाइलेको संक्रमणबाट जोगिने स्वास्थ्यकर्मीहरु बताउँछन्। भद्रपुर नगर स्वास्थ्य शाखाले अब वडा तथा टोलस्तरमा र स्वास्थ्यर्मीहरुका लागि अभिमुखीकरण सञ्चालन गर्ने भट्टराईले जानकारी दिए।

उपप्रमुख चन्द्रा श्रेष्ठसमेतको उपस्थिति रहेको नगरस्तरीय अभिमुखीकरणमा प्रमुख प्रशासकीय अधिकृत होमनाथ भट्टराई, नेपाली कांग्रेस ३ नं. क्षेत्रीय सभापति गणेश पोखरेललगायतले टोलस्तरसम्म चेतनामूलक अभियानमार्फत जनमानसमा कार्यक्रमको महत्व बारे विश्वस्त तुल्याउनुपर्नेमा जोड दिए।

## हेलिकप्टर चार्टर गरेर मुख्यमन्त्रीको ससुराली यात्रा !



**विराटनगर, चैत ३।** हेलिकप्टर चार्टर गरेर प्रदेश १ का मुख्यमन्त्री शेरधन राई ससुराली पुगेका छन्।

मंगलवार बिहान पत्नी जाङ्मू शेर्पाको जन्मस्थल संखुवासभा मकालु गाउँपालिकाको सेदुवा र नोर्बुको भ्रमणका लागि मुख्यमन्त्री गएका हुन्।

हेलिकप्टरका साथ मुख्यमन्त्री दम्पत्तिले खिचेका फोटा



(बाँकी अन्तिम पृष्ठमा)

## माओवादी संसदीय दलको नेतामा प्रचण्ड



**झापा, चैत ३।** नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई संसदीय दलको नेता चयन गरेको छ।

संसदीय दलको मंगलवारको बैठकले नेता देव गुरुङलाई प्रमुख सचेतकमा चयन गरेको नेता वर्षमान पुनले राससलाई जानकारी दिए। दलको उपनेता र सचेतक भने चयन गर्न बाँकी छ। उनका अनुसार बैठकले राष्ट्रियसभा संसदीय दलको नेतामा पुनः दिनानाथ शर्मालाई नै चयन गरेको छ।

बैठकले प्रतिनिधिसभाका चार र राष्ट्रियसभाका दुई गरी छ सांसदलाई स्पष्टीकरण सोध्ने निर्णय पनि गरेको छ। हाल नेकपा (एमाले)मा रहेका उनीहरूसहितका २२ नेतालाई यसअघि स्थायी कमिटी र केन्द्रीय कमिटी बैठकले समेत स्पष्टीकरण सोध्ने निर्णय गरिसकेको थियो। सर्वोच्च अदालतले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) लाई बदर गरी माओवादी केन्द्र र नेकपा (एमाले) पार्टी नै कायम रहेको फैसला सुनाएपछि दुवै दल पदाधिकारी चयनमा लागेको छ।

बैठकले गत फागुन २३ गते सर्वोच्चले गरेको फैसला बेठीक रहे पनि कार्यान्वयन गर्ने निर्णय पनि गरेको नेता पुनले जानकारी दिए। त्यसपछि माओवादी केन्द्रको संसदीय दलको यो पहिलो बैठक हो। प्रधानमन्त्री केपी शर्मा ओलीले अलोकतान्त्रिक कदम चालेको अदालतले फैसला गरिसकेकाले नैतिक रुपमा राजीनामा दिनुपर्ने दलको निष्कर्ष रहेकोसमेत उनले जानकारी दिए।

बैठकको शुरुवातमा समसामयिक राजनीतिक विषयमा अध्यक्ष दाहालले संक्षिप्त रुपमा जानकारी गराएका थिए। बैठकमा उनले जनता समाजवादी पार्टी र नेपाली कांग्रेससँग मिलेर सरकार बनाउने सम्भावना रहेको जानकारी गराएको नेता पुनले बताए। बैठकले दलको विधान संशोधन गर्ने निर्णय पनि गरेको छ। त्यसका लागि कार्यदल समेत बनाएको जनाइएको छ।

## ओली भन्छन्- 'गुटगत भेला गरे कारबाही', 'गरेर देखाउन' नेपाल समूहको चुनौति

**झापा, चैत ३।** प्रधानमन्त्री एवम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले दलभित्रको असन्तुष्ट पक्षले बोलाएको भेला रोक्न आग्रह गर्दै त्यसो नगरे कारबाही गर्ने चेतावनी दिएका छन्।

बालुवाटारमा आफूले आयोजना गरेको चियापान कार्यक्रममा बोल्दै उनले पार्टीका नेता र कार्यकर्तालाई 'गुटगत' भेलामा सहभागी नहुन 'सचेत र सजग' गराए। तर, माधव नेपाल र झलनाथ खनालको समूहले मंगलवार राजधानीमा पत्रकार सम्मेलन गरी बुधवारदेखि शुरु हुने दुई दिने भेला नरोक्ने बताएको छ।

सर्वोच्च अदालतले दिएको आदेशले नेकपा एमाले ब्यूँतिएपछि माधव नेपाल र झलनाथ खनालसहितका नेताहरू पुष्पकमल दाहाल प्रचण्डसँगको सहकार्य छोड्न बाध्य भएका थिए। एमाले र माओवादी केन्द्र अलग-अलग पार्टीका रूपमा कायमा भएपछि दुई पक्षबीचको सम्बन्धमा कुनै सुधार आएको छैन।

नेकपा कायम हुँदा प्रचण्ड र माधव नेपाल पक्षले ओलीलाई पार्टी अध्यक्षबाट हटाइएको घोषणा गर्दै उनीबिरुद्ध आन्दोलनको नेतृत्व गरेको थियो।

**ओलीको आक्रोश**

आफूले आयोजना गरेको चियापान समारोहमा खनाल-नेपाल पक्षधर नेताहरू अनुपस्थित भएकोमा असन्तुष्टि जनाएका ओलीले पार्टीभित्र 'अराजकता' देखिएको भन्दै त्यो मान्य नहुने बताए। उनले पार्टीको केन्द्रीय समितिको बैठक चैत ७ गते बोलाइएको भन्दै त्यसबाहेक अन्य गुटगत भेला नगर्न चेतावनी दिए।

ओलीले भने- नेकपा एमालेसँग आबद्ध सम्पूर्ण नेता कार्यकर्तालाई गुटगत भेला नगर्न र सरिक नहुन सजग र सचेत





गराउँछु। एकताको पक्षमा उभिन म आग्रह गर्न चाहन्छु। यो पार्टीमा अब उप्रान्त अराजकता, उच्छृंखलता र विधि विधानविपरीत काममा छुट हुन सक्दैन। अब उप्रान्त यस्तो मान्य हुन सक्दैन, अचाक्ली भयो। भाँडभैलो मचाउने कार्य अब हुन सक्दैन।

एकताबद्ध र अनुशासित पार्टी चाहिने भन्दै उनले- अनुशासनहीन काम भयो भने पार्टीको विधान, संसद्‌को नियमावली र दलसम्बन्धी कानून छ। ती सबतिर म ध्यानाकर्षण गर्न चाहन्छु। पार्टीका अध्यक्ष र प्रधानमन्त्रीले बोलाएको चियापानमा अनुपस्थित नेताहरूलाई ओलीले सोधे- कसको निम्तो पाए जानुहुन्छ ?

**सभामुखसँग असन्तुष्टि**

ओलीले सर्वोच्च अदालतले पुनर्स्थापित गरिदिएको भए पनि प्रतिनिधिसभा विघटन गर्नुको औचित्य पुष्टि हुँदै गएको दाबी गरे। उनले सभामुख अग्निप्रसाद सापकोटाको भूमिकामा प्रश्न उठाए।

पुनर्स्थापित प्रतिनिधिसभाको पहिलो बैठकबाटै अवरोध थालिएको भन्दै ओलीले भने- अधिवेशन प्रारम्भ भएको पहिलो दिन नै अध्यादेश सदनमा पेश गर्नुपर्छ। संविधानले पहिलो दिन नै पेश गर्नुपर्ने भनेको संवैधानिक दायित्व पूरा गर्न पाएन। सरकारलाई वञ्चित गरियो। सभामुखको कदमलाई 'सेटिङ' अर्थात् 'मिलेमतो' को' सङ्ज्ञा दिँदै ओलीले भने- संसद्‌लाई निष्प्रभावी बनाउने चेष्टा भएको छ।

**नेपाल पक्ष के भन्छ ?**

जबाफमा खनाल-नेपाल समूहले प्रधानमन्त्री ओलीलाई शक्तिको भाषा प्रयोग नगर्न भन्दै कारबाही भोग्न तयार रहेको जनाएको छ। सो समूहद्वारा मंगलवार अपरान्ह काठमाडौमा आयोजित पत्रकार सम्मेलनमा नेता योगेश भट्टराईले भने- तपाईंले गर्ने प्रत्येक कारबाहीका निम्ति हामी लामबद्ध छौं।

भट्टराईले प्रधानमन्त्री ओली इतिहासको कठघरामा उभिएको र उनले धेरै प्रश्नको जबाफ दिनुपर्ने बताए। जब इतिहासले सोधेका प्रश्नहरूको उत्तर दिन तपाईं असमर्थ हुनुहुन्छ र उत्तर दिन सक्नुहुन्न त्यो बेला इतिहासले तपाईंलाई कठोर कारबाही गर्छ।

(बाँकी अन्तिम पृष्ठमा)

## कर्मचारी आवश्यकता

बिर्तामोडस्थित प्लानेट अटो बिर्तामोड भेस्पा एप्रिला शोरुमको लागि केही सेल्स गर्ल्स चाहिएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला।

योग्यताः +२देखि स्नातक कम्प्युटर चलाउन जान्ने

उमेरः १८देखि २५ बर्षसम्म अनुभवीलाई प्राथमिकता

तलबः आपसी समझदारीमा

*नोटः यहाँ उल्लेखित कम्पनीका स्कुटरहरु धमाधम विक्री भइरहेको छ।*

*सम्पर्कः ९८५२६५२७८६, ९८०४९५८०९५ भद्रपुर रोड, बिर्तामोड*

## बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

पायल्स, प्यारालाइसिस, हाडजोर्नी साथै अन्य सबै रोगहरुको आयुर्वेदिक औषधि, क्षरसूत्र, कपिङमसाज, पञ्चकर्म, फिजियोथेरापीबाट उपचार हुने पूर्वकै गुणस्तरीय, विश्वासिलो र भरपर्दो उपचार केन्द्र **बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर (अस्टाङ्ग आयुर्वेद फार्मेसी, बिर्तामोड, झापा)**

**सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

## Vacancy

A Share Broker company, licensed by Security Exchange Board of Nepal and member of Nepal Stock Exchange Ltd, is looking for a suitable candidate in its Birtamode- Jhapa office.

**1. Officer - Account & General Administration Department**
**Required Qualification:**
a. Atleast Bachelors Degree in Business Administration, Busniness studies/management or related field from a recognized University
b. Experience atleast Minimum 3 years in accounting. Excellent understanding of business accounts is must.
c. Should be able to work in computers.
d. Should have potential to lead the team.
e.Nepali Typing ability will be added advantage.
Interested candidate can apply by sending their application & resume (CV) via email to **recruitmentshspl@gmail.com** or by droping hard copies of documents at our Birtamode office.

*Address of Birtamode office:*

**Shree Hari Securities Pvt Ltd**
**Triveni Complex, Triveni Chowk,**
**Birtamode Jhapa (023-542132 / 023-542454)**
*For any further inquires you may contact at 9851179015 (Piyush)*

## WANTED IMMEDIATELY

**1. Few trainee teachers**
# Gender: female
#Qualification: at least class 12
**2. Helper/ cleaner**
# Gender: Female
**3. Light driver**
# Gender: both
# experience : at least one year

*Interested and eligible candidates are requested to apply to the office of :*

The Principal
**DIP MONTESSORI SCHOOL**
Birtamod - 3, Jhapa
*ONLY FOR LOCATION: 9807920245

## हार्दिक बधाई

**बिर्तामोड उद्योग वाणिज्य संघको पद हस्तान्तरण कार्यक्रम भव्य रुपमा सफल पारौं।**

**मिति २०७७।१२।०६**

बिर्तामोड उद्योग बाणिज्य संघको मिति २०७७ फागुन १६ गते सम्पन्न निर्वाचनबाट निर्वाचित सबै पदाधिकारी, सदस्यहरुलाई हार्दिक बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं।

**साथै यही मिति २०७७ चैत ०६ गते बिर्तामोडको अतिथिसदनमा हुने नवनिर्वाचित कार्यसमितिलाई निवर्तमान समितिले पद हस्तान्तरण गर्ने कार्यक्रममा सहभागिताका लागि सम्पूर्ण उद्योगी, व्यवसायी र सम्पूर्ण मतदाताज्यूहरुमा हार्दिक अनुरोध गर्दछौं।**

निर्वाचनलाई स्वच्छ र निष्पक्षरुपमा सम्पन्न गर्ने निर्वाचन समिति, निर्वाचनलाई सहज ढंगमा सम्पन्न गर्न सहयोग गर्ने राजनीतिक दल, बुद्धिजीवी, समाजसेवी, सञ्चारकर्मी र सञ्चारमाध्यमहरु, शान्ति सुरक्षाको भरपर्दो व्यवस्थापन गर्ने नेपाल प्रहरी, सशस्त्र प्रहरी, निर्वाचन परिचालन तथा प्रचारप्रसार समितिका साथै बिभिन्न समितिमा रहेर लोकतान्त्रिक व्यवसायिक प्यानलका उम्मेदवारलाई बिजयी गराउन अहोरात्र खटिइ महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सबै साथीहरुमा हार्दिक आभार तथा कृतज्ञता जाहेर गर्दछौं।

निर्वाचन परिचालनका क्रममा सहयोग गर्नुहुने, सद्भाव राख्नुहुने सबैमा धन्यवाद दिंदै लोकतान्त्रिक व्यवसायिक प्यानलका उम्मेदवारहरुलाई बिजयी गराउन गठन भएको यो निर्वाचन परिचालन तथा प्रचारप्रसार समिति आजकै मितिबाट बिगठन भएको पनि जानकारी गराउँदछौं। धन्यवाद।

**देउकुमार थेबेः संयोजक**
**निर्वाचन परिचालन तथा प्रचारप्रसार समिति**
**लोकतान्त्रिक व्यवसायिक प्यानल**



**हलेंसीमा इलामका लट्टाधारी बिजुवाः** त्रिधार्मिक धाम खोटाङको हलेंसीमा शक्ति आर्जनका लागि पूजाअर्चना गर्दै इलामका लट्टाधारी बिजुवा धनबहादुर चाम्लिङ । हिन्दू, बौद्ध र किराँत धर्मालम्बीको सङ्गमस्थल हलेंसीमा आफूले चिताएको काम पूरा होस् भन्ने कामनासहित पूजाअर्चना तथा दर्शन गर्ने गरिन्छ । तस्वीर : रासस

# ‘देश जोगाउने जिम्मा कांग्रेसलाई’



**झापा, चैत ३।** नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले देश अनिर्णयको बन्दी भएको भन्दै देश जोगाउने जिम्मा कांग्रेसको काँधमा आएको बताएका छन् ।

नेपाल प्रेस युनियन कास्कीद्वारा सञ्चालित पूर्णप्रसाद/माया शान्ति पत्रकारिता पुरस्कार अर्पण कार्यक्रममा नेता पौडेलले अहिलेको अवस्थामा पार्टी सभापति शेरबहादुर देउवाको मौनता रहस्यमय लागेको जनाउँदै नेपाली राजनीतिमा कांग्रेसको भूमिका ठूलो रहेको बताए ।

संसद्मा हाम्रो संख्या थोरै होला तर हाम्रो भूमिका महत्वपूर्ण छ, अब ढुलमुलरूपमा बस्नु हुन्न, देशलाई निकास दिनुपर्छ- उनले भने । उनले आफू निर्णायक भूमिकामा नभएकाले अहिले सुझावमात्र दिन सक्ने बताए । वरिष्ठ नेता पौडेलले मुलुकलाई सही ढङ्गले चलाउन सक्ने पार्टी कांग्रेसमात्र रहेको दाबी समेत गरे ।

नेता पौडेलले तीन दशकदेखि पत्रकारितामा क्रियाशील हिमनिधि लौडारीलाई नगद २५ हजारसहित सम्मान गरेका थिए । लौडारी रेडियो तरङ्ग र हिमदूत दैनिकमा आबद्ध छन् । सम्मानित व्यक्तित्व लौडारीले सशस्त्र द्वन्द्वका धेरै समाचार लेखेको अनुभव सुनाउँदै शान्ति पुरस्कारले थप जिम्मेवार बनाएको बताए ।

पूर्णप्रसाद/माया बराल प्रतिष्ठानका अध्यक्ष भोला बरालले धर्म, संस्कार, संस्कृति र शान्तिको क्षेत्रमा कलम चलाउनेलाई पुरस्कार प्रदान गर्ने उद्देश्यले पुरस्कार स्थापना गरेको बताए ।

कार्यक्रममा कांग्रेसका नेता शुक्रराज शर्मा, गण्डकी प्रदेशसभा सदस्य कुमार खड्का, कास्की सभापति कृष्ण केसी, पूर्वमन्त्री यज्ञबहादुर थापा, युनियनका केन्द्रीय उपाध्यक्ष रमेश पौडेल, जिल्ला अध्यक्ष नवीन सिग्देललगायतले समसामयिक राजनीति र पत्रकारिताको भूमिकाको विषयमा आफ्नो भनाइ राखेका थिए ।

## विवेकशील साझा पार्टीका संयोजक प्रसाईलाई मातृशोक



**बिर्तामोड, चैत ३।** विवेकशील साझा पार्टीका झापा जिल्ला संयोजक मेदनीप्रसाद प्रसाईलाई मातृशोक परेको छ ।

उनकी आमा कृष्णमाया प्रसाईको सोमवार राति ९२ वर्षको उमेरमा निधन भएको हो । कृष्णमायाका तीन छोरा र दुई छोरी छन् । मेदनी कृष्णमायाका कान्छा छोरा हुन् ।

नेकपा एमाले बिर्तामोड-१०का वडा कमिटी अध्यक्ष एवम् अगुवा स्वास्थ्यकर्मी ईन्द्र प्रसाई माइला र पूर्व शिक्षक तेज प्रसाद प्रसाई कृष्णमायाका जेठा छोरा हुन् । त्यस्तै छोरीहरु गंगा सापकोटा र धनमाया उप्रेती रहेका छन् ।

## तिम्सिनालाई पत्नी शोक



**बिर्तामोड, चैत ३।** पूर्वाञ्चल दैनिकका शुभचिन्तक विष्णुप्रसाद तिम्सिनालाई पत्नी शोक परेको छ ।

तिम्सिनाकी पत्नी देवीमाया तिम्सिनाको ५१ बर्षको उमेरमा मंगलवार निधन भएको हो । बिर्तामोड-१ अतिथि सदन टोल निवासी देवीमाया विगत दुई महिनादेखि अर्वुद रोगबाट पीडित थिइन् । कृपालुजी महाराजका अनुयायी तिम्सिना दम्पत्ति बिर्तामोडस्थित राधामाधव समितिका सदस्य हुन् । कमला प्रसाईं र खडानन्दकी छोरी देवीमायाका छोराबुहारीहरु दीपेन्द्र-अनिमा, घनश्याम-पुष्पा र मुकेश रहेका छन् ।

बिर्तामोडका पुराना औषधि व्यवसायी तथा औषधि व्यवसायी संघ मेचीका पूर्वउपाध्यक्ष बिनोद तिम्सिनाकी भाउजुर देवीमायाको मंगलवार स्थानीय कन्काई आर्यघाटमा अन्त्येष्टि गरिएको छ ।

## मृगौला पीडित बिकलाई आर्थिक सहयोग

**इलाम, चैत ३।** झापा भद्रपुर नगरपालिका-२ पृथ्वीनगरकी ५५ बर्षीया पद्मादेबी विश्वकर्मालाई बैदेशिक रोजगारीमा रहेका नेपालीहरुले आर्थिक सहयोग गरेका छन् ।

दुबै मृगौला पीडित भई थलिएकी बिश्वकर्मालाई बैदेशिक रोजगारीमा रहेका नेपालीहरुले आर्थिक सहयोग गरेका हुन् । प्रवासी इलामेली सेवा समाज कुबेतका संयोजक चक्र कुलुङ्ग राईमार्फत संकलित दश हजार रुपैयाँ पद्माको उपचारमा सहयोग पुग्ने गरी मंगलबार माई-४ शुक्रबारे इलाममा पीडितका श्रीमान लक्ष्मुण शंकरलाई प्रदान गरिएको पीडितका आफन्त दिनेश धमलाले जानकारी दिए ।

प्रवासी इलामेली सेवा समाज कुबेतबाट प्राप्त नगद करुणा फाउण्डेशन नेपालका समुदाय संयोजक तथा पत्रकार विमल दाहालमार्फत परिबारलाई उपलब्ध गराइएको हो ।

निम्न आर्थिक अवस्था भएकी बिकको उपचारमा लाखौं रुपैयाँ लागेको र थप उपचारका लागि रकम चाहिने भएकाले श्रीमान् लक्ष्मुणले सबैसँग सहयोगको अपिल गरेका छन् । उनलाई सहयोग गर्नेहरुले नेपाल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड भद्रपुर सगरमाथामा रहेको खाता नम्बर २५-०१-०००१४२४७मा सहयोग गर्न सकिने बताइएको छ ।

## ब्राउन सुगरसहित दुई भारतीय महिला पक्राउ

**झापा, चैत ३।** झापा मेचीनगर नगरपालिका-१५ फडानीस्थित काँसघारीबाट लागूऔषध ब्राउन सुगरसहित २ जना भारतीय महिलालाई पक्राउ गरिएको छ ।

भारत दार्जीलिङ बस्ने २७ बर्षीया सुनीता हेमरम र सोही स्थान बस्ने ३२ बर्षीया अनिता हेमरमलाई लागूऔषध ब्राउनसुगर १५० ग्रामसहित मंगलवार पक्राउ गरिएको इलाका प्रहरी कार्यालय धुलाबारीले जनाएको छ । पक्राउ परेका उपर थप अनुसन्धान भइरहेको सो कार्यालयले जनाएको छ ।

पछिल्लो समयमा मेचीनगर-१५स्थित ज्यामिरगढीका विभिन्न नाकाबाट लागूऔषधको कारोबार फस्टाएपछि झापा प्रहरीले त्यसतर्फ निगरानी बढाएको छ ।

## बुद्धशान्तिमा भलिवल प्रतियोगिता

**शान्तिनगर, चैत ३।** झापाको बुद्धशान्ति गाउँपालिकामा प्रथम उपाध्यक्ष कप वडास्तरीय नकआउट भलिवल प्रतियोगिता शुरु भएको छ।

४ नम्वरस्थित बर्ने चिया वगानको वर्कसपमा मंगलवार एक कार्यक्रमको आयोजना गरी प्रतियोगिता शुरु भएको हो । बुद्धशान्ति खेलकुद बिकास समितिका संयोजक शम्भुप्रसाद पौड्यालको अध्यक्षतामा आयोजित उद्घाटन समारोहमा गापा उपाध्यक्ष मीरा भूर्तेलले रेफ्रीलाई भलिवल हस्तान्तरण गरी उद्घाटन गरिन् । ४ नम्वर वडाका खेलकुद संयोजक राजकुमार राईले स्वागत गरेको कार्यक्रममा २, ३, ४, ५, ६, ७ नम्वरका वडाध्यक्षहरु, इलाका प्रहरी कार्यालय बुधवारेका प्रमुख निराजन कटुवाल, ट्राफिक इञ्चार्ज राजकुमार चौधरी लगायत खेलकुद-प्रेमी, सामाजिक व्यक्तित्व, बुद्धिजीवी, सञ्चारकर्मी लगायतको उपस्थिति थियो ।

मंगलवारको खेलमा वडा नम्वर ४(ए), ४(बी), २ र ३ नम्वर वडाले आ-आफ्नो खेल जित्दै सेमीफाइनलमा प्रवेश गरेका छन् । पहिलो खेलमा वडा न.४ (बी) ले वडा न.६ लाई २५-२१, २५-१० को सेटमा जित्दै अन्तिम चारमा स्थान पक्का गरेको हो । त्यस्तै, वडा न.४(ए) ले वडा नं. १लाई २५-२३,२५-२० को सेटमा हराएको हो । वडा नं. २ ले वडा न.५ लाई २५-१०, २५-१६ र वडा न.३ ले ७ नं.वडालाई २५-१५,२५-९ को सेटमा हराउँदैं सेमीफाइनलको यात्रा तय गरेको हो । स्थानीय स्तरका खेलाडीलाई प्रोत्साहन गरी पालिका स्तरीय टिमका लागि खेलाडी छनौट गरी एक मजबुत टोली बनाउन सो प्रतियोगिता आयोजना गरिएको हो । सेमीफाइनलका खेल आगामी चैत ५ गते विहीवार दिउँसो २ बजेबाट हुने आयोजकले जनाएको छ ।

स्थानीय स्तरमा रहेका खेलाडीलाई प्रोत्साहन गर्न र पालिका स्तरीय टिमका लागि खेलाडी छनौट गरी अन्तर पालिका/नगरपालिकामा आयोजना हुने भलिबल प्रयोगितामा सहभागी गराउने उद्देश्यले सो प्रतियोगिता आयोजना गर्न लागिएको हो । भलिवल खेलको विजेताले नगद ३० हजार रुपैयाँ र उप-विजेताले नगद १५ हजार रुपैयाँसहित ट्रफी, प्रमाण-पत्र प्राप्त गर्नेछन् । त्यस्तै प्रतियोगिताको बेष्ट डिफेन्डर, स्पाइकर र अनुशासित टिमले आकर्षक पुरस्कार पाउनेछन् ।

# शिक्षक नहुँदा संयुक्त कक्षा

**पाँचथर, चैत ३।** फिदिम नगरपालिका-११ फलाँटेको पाथीभरा आधारभूत विद्यालयको कच्ची भवनका चारमध्ये दुई कोठामा पठनपाठन हुन्छ ।

पहिलो कोठाको ढोकामाथि लेखिएको छ ‘कक्षा ४ र ५’, दोस्रोको ढोकामाथि लेखिएको छ ‘कक्षा २ र ३’ । सोमबार दोस्रो कोठामा ११ विद्यार्थीलाई पढाउँदै थिए- शिक्षक चेतन न्यौपाने । हाम्रो कक्षा २मा ‘रोग लाग्न नदिऔं’ भन्ने शीर्षक छ होइन् ?- कक्षा २का विद्यार्थीलाई उनले सोधे । विद्यार्थीले उत्तर दिए, हो, सर । अनि हाम्रो कक्षा ३ मा के छ भन त नानीहरु ?- शिक्षक न्यौपानेले सोधेपछि विद्यार्थीले पढ्दै गरेको पाठको शीर्षक भने ‘रोगका कारण र लक्षण ।’

स्वास्थ्य विषयको कक्षा २ र ३ को संयुक्त कक्षा चलाइरहेका शिक्षक न्यौपानेले दुवै कक्षाका विद्यार्थीहरुलाई स्पष्टसँग बुझाउने उद्देश्यसहित रोग लाग्ने कारण, रोगका प्रकार, रोग लाग्न नदिने उपाय र रोगका लक्षणबारे विस्तृतमा व्याख्या गरे । दुईवटा कक्षाका दुईवटा पाठमा धेरै विषयवस्तु फरक भएकाले विस्तृत व्याख्या र लामो समयको कक्षामार्फत विद्यार्थीहरुलाई बुझाउने प्रयत्नमा शिक्षक देखिन्थे । अर्को कोठामा पनि यसरी नै कक्षा ४ र ५ को गणित विषयको पठनपाठन भइरहेको थियो ।

सो विद्यालयमा एक दिन मात्रै होइन सँधै यसरी नै पढाइ हुन्छ । पूर्वप्राथमिक कक्षादेखि कक्षा ५ सम्म पढाइ हुने यस विद्यालयमा ४० विद्यार्थी अध्ययनरत् छन् । विद्यालयमा दुई शिक्षक दरबन्दीमा प्रधानाध्यापक चित्रकला घिमिरे र शिक्षक न्यौपाने छन् । एक सहयोगी कर्मचारीले पूर्वप्राथमिक कक्षा सञ्चालन गरिरहेका छन् भने कार्यालय सहयोगी पदमा विभिन्न स्रोतबाट तलब खुवाई एक शिक्षक राखिएको छ । दैनिक छवटा कक्षा सञ्चालन गर्नुपर्ने भए पनि चारजना मात्रै शिक्षक हुँदा यस विद्यालयमा कक्षा २ र ३ लाई एउटा तथा कक्षा ४ र ५ लाई अर्को संयुक्त कक्षामा परिणत गरी पठनपाठन गराइँदै आएको छ ।

कक्षा २ मा ‘क, ख’ र ‘ए, बी, सी, डी’ सिकेर आएका विद्यार्थी हुन्छन् । उनीहरुलाई पाठ पढाउँदा त्यही किसिमले सिकाउनुपर्ने हुन्छ- शिक्षक न्यौपानेले अनुभव सुनाउँदै भने- कक्षा ३मा थोरै परिपक्व र बुझ्ने भइसकेका हुन्छन् । एउटा कक्षालाई अगाडि लैजाँदा अर्कोलाई अगाडि बढाउन गाह्रो हुन्छ । संयुक्त कक्षा सञ्चालन गर्दा विद्यार्थीहरुलाई बुझ्न र शिक्षकलाई बुझाउन निकै कठिन पर्ने गरेको शिक्षक न्यौपानेको अनुभव छ । दुईवटा कक्षालाई संयुक्त कक्षामा पढाउन सामान्य विषय नभए पनि असम्भव भने नरहेको उनी बताउँछन् । विषयवस्तु एकअर्को कक्षामा केही त मिल्दाजुल्दा नै हुन्छन् । हामीले पाठहरुलाई सँगसँगै लगेर माथिल्लो कक्षालाई पुनः स्मरण गराउने र तल्लो कक्षालाई बुझाउने प्रयास गर्छौं- न्यौपानेले भने- एउटा छुट्टै कक्षालाई शिक्षण सिकाइ गरेजस्तो सहज छैन र यसले बिद्यार्थीको सिकाइमा थोरबहुत असर भने पारिरहेकै छ ।

प्रधानाध्यापक घिमिरे संयुक्त कक्षा सञ्चालन गर्न निकै कठिन रहेको र यसले बिद्यार्थीको सिकाइलाई प्रभाव पार्ने गरेको बताउँछिन् । एउटा कक्षालाई बुझाउन लाग्दा अर्कोले हल्ला गर्ने, पढाइमा ध्यान तानिरहन नसकिने तथा शिक्षकले कक्षा कोठालाई आफ्नो नियन्त्रणमा राख्न नसक्ने अवस्था आउने गरेको उनको भनाइ छ । चारमध्ये एकजना शिक्षक नभएको दिनमा भने पठनपाठन नै प्रभावित हुने गरेको र यस्तो दिन बिद्यार्थी रुँग्ने काम मात्रै हुने प्रअ घिमिरेको भनाइ छ । पढाइलाई प्रभावकारी बनाउन पाठ्यभार मिलाएर दैनिक तीनवटासम्म विषयहरु पढाउँछौं- प्रअ घिमिरेले भने- दुईवटा कक्षालाई एकै बनाएर विस्तृतमा बुझाउने प्रयास गर्छौं ।

शिक्षक अभावले संयुक्त कक्षा सञ्चालन गर्नुपर्ने बाध्यता पाथीभरा माविको मात्रै होइन । कक्षा छसम्म पठनपाठन भइरहेको फिदिम-४ को जागृति आधारभूत विद्यालयमा समेत पर्याप्त शिक्षक छैनन् । विद्यालयसँग निजी स्रोतमा शिक्षक राख्नसक्ने आर्थिक स्रोत छैन् । उक्त विद्यालयले समेत पूर्वप्राथमिक कक्षा र कक्षा १ लाई संयुक्त कक्षामा राखी पढाउँदै आएको छ । खेलाउनुपर्ने नानीहरु र पढाउनु पर्ने विद्यार्थीहरुलाई एकै कक्षामा राखेर पढाउन समस्या पर्छ नै- विद्यालयका प्रअ डिल्लीराम लुइँटेलले भने- माथिल्ला कक्षाहरुमा राम्रो मिहिनेत गरेर पढाउन सकियोस् भनेर कक्षा १ र पूर्वप्राथमिक तहलाई संयुक्त कक्षा बनाएका हौं ।

फिदिम-४ मै रहेको तिरतिरे आधारभूत विद्यालयमा समेत शिक्षक अभावको समस्या छ । जसकारण कक्षा ४ र ५ लाई संयुक्त कक्षाका रुपमा पठनपाठन गराउने गरिएको छ । सो विद्यालयका शिक्षक सन्तोष भण्डारी संयुक्त कक्षाले शिक्षण सिकाइ प्रभावकारिताको अवस्था निकै कमजोर हुने गरेको बताउँछन् । दुवै कक्षालाई आधा-आधा समय दिनुपर्ने हुन्छ । आधा समयमा पढाइएको पाठका सबै विषयवस्तुहरुलाई समेट्न सकिन्न । यसरी पढाउँदा कोर्स पनि पूरा गर्न सकिँदैन- भण्डारीले भने- विद्यार्थीले सबै ज्ञान पाउन सकेका छैनन् । गृहकार्य दिन र गृहकार्य हेर्न सकिँदैन । सो विद्यालयले केही वर्षदेखि निजी स्रोतमा एकजना शिक्षक थपेपछि केही सहज भएको शिक्षक भण्डारीको भनाइ छ । अहिले अभिभावकहरुको जागरुकताले एकजना शिक्षकलाई निजी स्रोतमा राखेका छौं- भण्डारीले भने- अन्य स्रोत नहुँदा विद्यालय सञ्चालनमा समस्या छ ।

संयुक्त कक्षा सञ्चालन गर्नुपर्ने बाध्यता यी विद्यालयहरुको मात्रै होइन । जिल्लाका अन्य विद्यालयहरुले समेत यस प्रकारको अभ्यास गरेर विद्यार्थीहरुलाई शिक्षाको ज्योति दिँदै आएका छन् । फिदिम नगरपालिकाको शिक्षा शाखा प्रमुख निर्मला दाहालका अनुसार फिदिमभित्रै दर्जनौं विद्यालयहरुमा शिक्षक अभावका कारण संयुक्त कक्षा सञ्चालन भइरहेका छन् । सरकारी मापदण्डअनुसार न्यून विद्यार्थी संख्या भएका विद्यालयहरुलाई पर्याप्त शिक्षकको व्यवस्था गर्नसक्ने अवस्था नरहेको दाहालको भनाइ छ । प्रस्तावित विद्यालयहरुमा त यस्तो समस्या हुन्छ नै, अनुमति पाएका विद्यालयहरुमा समेत शिक्षक अभाव छ- दाहालले भनिन्- माथिल्लो कक्षाको अनुमति लिंदा विद्यालय आफैंले शिक्षकको व्यवस्था गर्ने दाबी गर्छन् । अनुमति पाएपछि शिक्षक राख्न सक्दैनन् ।

फिदिम नगरपालिकाभित्रै कतिपय विद्यालयहरुमा शून्य दरबन्दीमा माथिल्ला तहहरु सञ्चालनमा छन् । प्राथमिक तहमा मात्रै दरबन्दी भएका विद्यालयले निमावि तथा निमावि तहमा मात्रै दरबन्दी भएकाले मावि तह चलाइरहेका छन्- दाहालले भनिन्- तहमै शून्य दरबन्दी भएका विद्यालयहरुमा नगरपालिकाले स्वयम्सेवक शिक्षकको व्यवस्था गरेको छ । फिदिम नगरपालिकाले माध्यमिक तहमा चार तथा आधारभूत तहमा नौजना स्वयम्सेवक शिक्षक खटाएको दाहालले जानकारी दिए ।

### ओली भन्छन् ...

उक्त समूहले बुधवारका लागि तय गरिएको कार्यकर्ता भेला पूर्वनिर्धारित योजनाअनुसार अगाडि बढ्ने जनाएको छ । नेता भट्टराईले बुधवारको भेलामा सहभागी हुन प्रधानमन्त्रीलाई सार्वजनिक रूपमा निम्तो पनि दिए । नेपाल पक्षले बुधवारबाट शुरु हुने भेलामा देशभरबाट दुई हजारभन्दा बढी नेता कार्यकर्ता सहभागी हुने वीवीसीले उल्लेख गरेको छ ।

### हेलिकप्टर ...

श्रीमती जाङ्मूले फेसबुकमार्फत सार्वजनिक गरेपछि चर्चाको विषय बनेको छ । यो यात्राको सामाजिक सञ्जालमा आलोचना समेत भएको छ ।

मंगलवार बिहान शेरधनपत्नी जाङ्मूले फेसबुकमार्फत आफू जन्मस्थल जान पाउँदा निकै खुशी लागेको लेखेकी छन् । साथै उनले आफू जन्मेको गाउँ र ठाउँका लागि केही गर्नुपर्ने महशुस गरेको पनि लेखेकी छन् ।

उक्त स्थानमा विद्युत्, शिक्षा, स्वास्थ्य, सञ्चारजस्ता विकासका पूर्वाधार लगायतले जनतालाई जोड्न बाँकी रहेको भन्दै आफ्ना श्रीमान शेरधनलाई यसप्रति ध्यानाकर्षण गराएको पनि उनले लेखेकी छन् ।

सो अवसरमा त्यहाँ मुख्यमन्त्री राईले आमसभालाई सम्वोधन गरेको र स्थानीय समस्या बुझ्ने काम पनि भएको बताइएको छ ।


**URGENTLY TEACHER WANTED**

No of post: 1(primary)
No of post:1 (pre-primary)

Contact: 9814025803

**वितरक चाहियो**

लक्ष्मीपुर-पञ्चकन्या हुँदै बिर्तामोडका केही भाग र लक्ष्मीपुरबाट दुर्गापुर-चम्पापुर सिमसारका लागि वितरकको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।
नोटः साइकल भएको २ जना, पाँच/पाँच हजार सेलरी ।
मोटरसाइकल भए १ जना मात्र दश हजार सेलरी ।
सम्पर्कः ९८१६६४१५७३, ९८०१४०४०००

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

**मूल्य (दररेट) सम्बन्धी सूचना**

यस सम्राट ट्रेडर्स, बिर्तामोड-५, झापाबाट विक्री वितरण भइरहेको कृषिजन्य सामग्रीको दररेट निम्न अनुसार भएको जानकारी गराउँदछौं ।

दररेट

| | | |
|---|---|---|
| १) रामपुर कम्पोजिट मकै- | एक केजी- | रु. १४०।- |
| २) रामपुर-१० (हाइब्रिड)- | एक केजी- | रु. ४०५।- |
| ३) अरुण २ मकै- | एक केजी - | रु. १४०।- |
| ४) रञ्जित धान- | एक केजी- | रु. १००।- |
| ५) सुख्खा ३ धान- | एक केजी- | रु. ८०।- |
| ६) हर्दिनाथ धान- | एक केजी- | रु. ८०।- |
| ७) गरिमा धान- | एक केजी- | रु. १००।- |
| ८) वीपी ११ धान- | एक केजी- | रु. ९०।- |
| ९) स्वर्ण सव धान- | एक केजी- | रु. ८०।- |
| १०) साम्बा सव धान- | एक केजी- | रु. ८०।- |
| ११) रामधान- | एक केजी- | रु. ८०।- |
| १२) कालो नुनिया धान- | एक केजी- | रु. १२५।- |
| १३) आर.पी. धान- | एक केजी - | रु. ८०।- |

(प्याकेजिङसहितको मूल्य)

साथै यहाँ अन्य हाइब्रिड वीऊ, विजन, विषादि तथा कृषि उपकरण पनि पाइन्छ ।

प्रो. विज्ञान ढकाल
सम्राट ट्रेडर्स, बिर्तामोड-५, झापा
फोन नं. ०२३-५४६४२६, ९८५२६७१७८६

**देवी क्याम्पस, बिर्तामोड-६, झापाको**
**क्यान्टिन सम्बन्धी बोलपत्र आव्हान सम्बन्धी सूचना**

मितिः २०७७।१२।०२

यस क्याम्पस परिसरमा क्यान्टिन सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिहरुबाट कम्तीमा मासिक भाडा रु. ५,०००।- (पाँच हजार मात्र) र धरौटी वापत रु. १००,०००।- (एक लाख मात्र) नघटाई पर्ने गरी क्यान्टिन सञ्चालन बोलपत्र आव्हान गरिएको छ । निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र दर्ता गर्न सूचित गरिन्छ ।

शर्तहरुः
१) निवेदन दस्तुर वापत रु. १०००।- लाग्नेछ ।
२) धरौटी वापतको रकम देवी क्याम्पसको नाममा राष्ट्रिय वाणिज्य बैंकको बिर्तामोड शाखामा रहेको खाता नं. २६२०१००००१५९१००१ मा जम्मा गरेको भौचर निवेदन साथ पेश गर्नुपर्नेछ ।
३) निवेदकले स्पष्ट रुपमा पान नम्बर उल्लेख भएको फर्म दर्ता प्रमाणपत्रको प्रतिलपि र नागरिकता प्रमाणपत्रको प्रतिलिपि निवेदनसहित संलग्न गर्नुपर्नेछ ।
४) क्यान्टिन सञ्चालन क्याम्पसको नियमानुसार गर्नुपर्नेछ । सोको आधारमा बढाबढको नियम अनुसारको बोलपत्र हुनुपर्नेछ ।
५) बोलपत्र दर्ता मिति सूचना प्रकाशित भएको मितिले सात दिन रहनेछ । रितपूर्वक नभएको र ढिलाई भई आएको आवेदन स्वतः अस्वीकृत हुनेछ ।
६) बोलपत्रको निर्णय सम्बन्धी सम्पूर्ण अधिकार क्याम्पस प्रशासनमा रहनेछ ।

लेखनाथ भट्टराईः क्याम्पस प्रमुख
देवी क्याम्पस, बिर्तामोड-६, झापा


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# संवाद नै समस्याको हल हो

**प्रतिनिधिसभा विघटनपछि एमालेभित्रको संघर्ष उत्कर्षमा पुगेको बेला सोमबार पहिलोपटक अध्यक्ष तथा प्रधानमन्त्री केपी ओली र वरिष्ठ नेता माधवकुमार नेपालबीच भेटघाट भएको छ । प्रधानमन्त्रीको प्रतिनिधिसभा विघटनको निर्णयलाई असवैधानिक भन्दै सडक संघर्षमा उत्रिएको नेपाल नेतृत्वको एउटा समूह प्रधानमन्त्री ओलीको निर्णय फिर्ता गराएरै छाड्ने अठोटका साथ संघर्षमा थिए । सर्वोच्च अदालतले पनि त्यसविरुद्ध परेको रिटको सुनुवाई गर्दै प्रधानमन्त्रीको निर्णयलाई वदर गरिदियो । त्यसपछि पनि अन्तरसंघर्ष रोकिएन अझ नेपाल कम्युनिष्ट पार्टी नेकपाको आधिकारिता सम्बन्धी विवादमा सर्वोच्चले फैसला गर्दै नेकपालाई पूर्व अवस्थामा पुऱ्याइदियो । त्यसपछि त पार्टी अध्यक्ष तथा प्रधानमन्त्री ओलीले इतर पक्षका पूर्व प्रधानमन्त्री समेत भइसकेका नेता लगायतलाई कार्वाहीको क्रम नै शुरु गरे ।**

**प्रधानमन्त्रीको यस्तो कदमले दुई समूहमा विभाजित एमालेको अन्तरकलह झनै झाङ्गियो, तित्तता अरु बढ्यो । सत्तारुढ दल भएका नाताले अभिभावकीय जिम्मेवारी पार्टी अध्यक्ष केपी ओलीले नै निर्वाह गर्नुपर्ने नैतिकताका आधारमा लामो समयदेखि बन्द भएको संवादको ढोका खोलियो । अध्यक्ष ओलीले फरक विचारका नेता नेपाललाई संवादका निम्ति आग्रह गरे । दुबैको सहमतिमा एमाले पार्टी कार्यालय धुम्बाराहीमा भेट भयो, छलफल पनि भयो, तर संवाद निष्कर्षविहीन भयो । अर्थात् अध्यक्ष ओलीले असन्तुष्ट नेता नेपालको प्रस्तावमा लचिलो हुनै खोजेनन् र संवादको हलो अवरुद्ध भयो । समूहका रुपमा भएको छलफलले निष्कर्ष दिन नसकेपछि दुबै पक्षले आ–आफ्ना गतिविधि यथावत अघि बढाउने निर्णय गरे । अर्थात् नेपाल पक्षले डाकेको राष्ट्रिय कार्यकर्ता भेला र प्रधानमन्त्री तथा अध्यक्ष ओलीले डाकेको चियापान र चैत ७ गतेको बैठकको पूर्वनिर्धारित समयमै हुने भएका छन् ।**

**सहमतिमा आउन एउटा पक्ष लचिलो हुनैपर्छ । 'मेरो गोरुको दाम बाह्र कट्टा'भन्दा कम गर्दिनभन्दा सहमति हुने कुरा नहुन सक्छ । सामुहिक र वैधानिक ढंगले दल सम्बन्धी बैठक तथा निर्णय नगरिँदा उत्पन्न असमझदारीको अन्त्य वार्ताबाटै खोज्नु पर्दछ । नेपाली जनताको दलप्रतिको आशा र अपेक्षा पनि द्वन्द्व, अशान्ति होइन । जनताको लागि शासन गर्नेबाट जनभावना विपरीतका काम हुनुहुँदैन । आफू–आफू लडाइँ गरेर पद र शक्तिको उन्मादमा जनताको शान्तिपूर्वक बाँच्न पाउने अधिकार हनन् गर्न पाइँदैन । यसले सम्बद्ध दलको भविष्य पनि अन्योलग्रस्त हुनसक्छ । अन्तरसंघर्षलाई दलकै 'पाटी'मा बसेर छलफल र संवादबाटै स्थायी समाधान खोज्नु पर्दछ । यसैमा सम्बद्ध दल, जनता र देशको भविष्य सुरक्षित हुन्छ ।**

# दुःख पाइस् मंगले आफ्नै ढंगले



चिन्तामणि दाहाल



**कारण :**

छँदाखाँदाको पद र सम्मानको इज्जत गरेर जनअभिमतको कदर नगर्दा अहिले एमालेका नेताहरु कष्टसाध्य राजनीतिक जीवन धानिरहेका छन् । नेकपा हुँदाको सम्मान र इज्जत अहिले धुलीसात भएको छ । माओवादी केन्द्र र एमालेलाई ऋषिराम कट्टेलको रिटले पुनरमुषिको भवःको अवस्थामा पुऱ्याएको छ र त्यो संस्कृत उक्तिलाई पुष्टि गरेको छ ।

ऋषिरामलाई हेपेर उही नाममा आफ्नो पार्टी बनाएर निर्वाचन आयोगलाई पनि प्रभावमा पारेर लिएको नाम अहिले सर्वोच्चले खारेज गरिदिएपछि उनीहरु एकीकृतभन्दा अघिको अवस्थामा पुगेका छन् । यसैलाई पंक्तिकारले पुनरमुषिको भवः भनेको हो अर्थात् फेरि मुसा बनिजा भन्ने यस उक्तिको सोझो अर्थ हो । यस उक्तिको लाक्षणिक अर्थ फरक छ । यो बुझ्न अलिकति कथा जान्नै पर्छ ।

**कथा चर्चा :**

प्राचीनकालको कुरा हो । एक जना पहुँचे हुए ऋषि कुटिमा तपस्या गर्ने, पूजा पाठ गर्ने, शिष्यहरुलाई शिक्षा दिने, आयुर्वेदिक औषधिमूलोको अनुसन्धान र प्रयोग अनि विरामीहरुलाई निःशुल्क उपचार गरेर आफ्नो दिनचर्या बिताइरहेका थिए । उनले पूजा गर्ने स्थानमा हरेक दिनजसो आएर एउटा सानो मुसो चढाएको प्रसादको पनि रहलपहल खाने गर्थ्यो । सधैं यसरी रहलपहल प्रसाद खान आउने मुसाको जीवन देखेर ऋषिलाई दया लागेर आएछ । अनि उनले आफ्नो तपोवलको प्रयोग गरी मुसालाई बिरालो बनाई दिए । बिरालोलाई बाहिर निस्कने बित्तिकै कुकुरले दुःख दिन थाले । यो देखेपछि ऋषिले त्यो विरालोरुपी मुसालाई बाघ बनाई दिए । अब बाघ बनाई दिएपछि ऋषिले सोचे अब कसैले पनि उसलाई दुःख दिन सक्तैन ।

तर, बाघ भएको मुसाले ऋषिलाई नै शिकार गर्ने विचार गरेर आक्रमण गर्न तम्सियो । तब ऋषिले त्यस बाघरुपी मुसोलाई पुनरमुषिको भवः भनेर मन्त्र जपेर पानी छर्कने बित्तिकै त्यो बाघ पहिले झैं डुहुरे मुसोमा परिणत भयो अनि चि..चि.. गर्दै दुलोभित्र पस्यो ।

यस संस्कृत उक्तिले अहिले नेकपालाई पहिले कै एमाले र माओवादी केन्द्रमै पुऱ्याएको अवस्थाको चित्रण गर्छ भन्ने विश्लेषण किन नगर्ने ? सर्वोच्चले मुसो बनाएको देखिए पनि त्यसको पृष्ठभूमि नेकपा हुने अहम् भएका नेताकै कारण थियो । उनीहरुले अर्को नेकपा छ भन्ने थाहा पाएर पनि पेलेर लान्छु भन्ने सोचले आफ्नो पार्टीको नाम पनि नेकपा नै राखेका थिए । तर, पेल्ने अवस्था सधैं एकनास रहँदैन । अहिले भएको त्यही हो ।

**अवस्था :**

नेकपाका नेताहरु जनमत पाएर बाघ भएका थिए । उनीहरुले सोचे हामी सबैलाई शिकार गर्न सक्छौं । तर, त्यसका शीर्ष नेता जो आफूलाई बाघ ठान्थे उनीहरु एक आपसमा बाझाबाझ गर्न थाले । उनीहरुले जनमत पाएर हामी ठूला भएका हौं र ठालु भयौं भन्ने ठाने । तर, के बुझेनन् भने सामन्त युग गइसकेको नेपालमा ठालु हुन खोज्दा सडकमै पुगिन्छ भन्ने ख्यालै नगरी उनीहरुको लडाइँ विशाल महाभारत बन्न पुग्यो । तब उनीहरुलाई जनतारुपी ऋृषिको श्राप लाग्यो । अनि उनीहरु पहिलेकै अवस्थामा पुगे । दुई तिहाई नजिकको अवस्था त सिद्धियो नै, बहुमत पनि पुग्ने अवस्था छैन । अब उनीहरु दयाका पात्र भएका छन् । दिने अवस्थाबाट उनीहरु अरु दलसँग माग्ने अवस्थामा पुगेका छन् ।

हिजोका बाघ भएका ओली अहिले जसपासँग माग्ने अवस्थामा पुगेका छन् । हिजो सत्तो सराप गरेर नथाक्ने ओली अहिले तिनै नेतालाई बोलाएर फकाउने अवस्थामा पुगेका छन् । उनले आफ्ना कट्टर विरोधी नेपाललाई बोलाएर फकाउने प्रयास शुरु गरेका छन् भने प्रचण्डसँग पनि कुरा गर्ने समय मागेका छन् । तर, यो आलेख तयार पार्दासम्म उनले समय पाएका थिएनन् (यो आलेख २०७७ साल चैत ३ गते बिहान तयार पारिएको हो ) ।

नैतिक राजनीति नगरेर आफूलाई ठालु ठानेर हुँकार गर्ने ओलीको मुख चाउरिने थालेको छ । आफ्नै साथीहरुलाई दुत्कार्ने ओलीको स्वरुप बदलिएको छ । अनि ओलीलाई अराजक, नैतिकता नभएको, तानाशाह भनेर आरोप लगाउने नेपाल खनालहरु उनले बोलाउने बित्तिकै लुरुक्क भेटघाटमा जाने अवस्थामा पुगेका छन् । कसको पक्षमा आम कार्यकर्ता र जनता छन् भन्ने जान्न निर्वाचनमा जानै पर्ने हुन्छ । तर, अबको निर्वाचनमा फेरि जितेर आउने अवस्थाको ग्यारेन्टी छैन । तब उनीहरु अतालिएका छन् ।

यही अवस्थालाई दुई बर्ष लान पाए त्यसबीचमा जनता र कार्यकर्तालाई फकाउने मौका पाइन्छ कि भनेर सांसद पद जोगाउने पक्षमा लागेका छन् । त्यसैले उनीहरु आम कार्यकर्ता र शुभेच्छुकको भावना बमोजिम भन्दै फेरि एमालेलाई एक ढिक्का बनाउन सकिन्छ कि भनेर अन्तिम प्रयास गरिरहेका छन् । यो नराम्रो कुरा भने पटक्कै होइन । राम्रो कुरा हो । समय घर्किन लागे पनि घर्किसकेको छैन ।

तर, एमालेको पनि खनाल नेपाल, आफ्ना पक्षका नेता बटुलेर भेला आयोजना गर्ने पक्षमा गएको छ भने ओली पक्ष उनीहरुलाई फकाउन लागेको छ । अर्कातिर नेता गौतम अझै पनि एमाले दुई भाग नबनोस् भनेर लागे पनि ओली प्रवृत्तिबाट उनी पनि आजित भएको अवस्था छ । त्यसैले दुबै पक्षका अगाडि दिल्ली नजिक छैन । चेतना भया ।

# विकृत राजनीति



रबिना मैनाली

एक बर्ष यतादेखि देश कोरोनाको महामारीले आकुलब्याकुल भएर नागरिकहरु भौतिक र मानसिकरुपले थला परेको अवस्थामा देशमा राजनीतिक विकृतिले भने जरो गाड्दै गएको छ । हरेक दल र हरेक नेताका आ-आफ्ना सुबिधा र दुबिधाका भाषणले नेपाली राजनीतिमा तीव्ररुपमा बढ्दै गएको विकृतिले देश र जनताबीचमा आतंक र तनावपूर्णको वातावरण सृजना गर्न कुनै कसुर छोडेको छैन । जनताका गुनासो, समस्या र आवश्यकतालाई पैताला मुनी राखेर उच्च स्वरले बीच सडकमा देश विकास र नागरिकले पाउने सेवा सुविधाका बरेमा भाषण दिँदै हिँड्ने परम्परा कायम नै छ । वर्तमान अवस्थामा यो परम्पराले निकै बढुवा पाएको छ, तर जनताले आफ्नो हितको सेवासुविधा भाषणमा बाहेक अन्त कहिँ न सुन्न पाए न देख्न पाए ।

राजनीतिक संस्कृतीमा मौलाएको विकृतिले अब डुङ्गा डुबाएरै छोड्ने छाँटकाट देखाइसकेको छ । अलग सोच र सिद्धान्त बोकेका दलहरु विपरीत ध्रुबतिर लागेको कुरा बुझ्न सकिन्छ । तर, एउटै सिद्धान्त र विचारधार बोकेर हिँड्ने दलभित्रका नेताहरुले विपरीत दिशातिर लाग्नु भनेको आफ्नो स्वार्थ परिपूर्ति गर्न चुनेको दिशामात्र हो भनेर भन्न सोचिरहनुपर्ने अवस्था छैन । संसद विघटन भएर अदालतको आदेश बमोजिम पुनः स्थापना भएदेखि विभिन्न दलहरुको आ-आफ्नो दाउ छ । हुन त नेपालमा राजनीतिक अस्थिरताको इतिहास लामो छ । अस्थिर राजनीतिको यो श्रृंखला निरन्तर छ । आन्तरिक



राजनीतिक शक्तिहरु बीच उत्पन्न भइरहने शक्ति संघर्षले अस्थिरता उत्पन्न गर्ने पक्षलाई मलजल पुगिरहेको छ ।

निरन्तर अस्थिरताले आक्रान्त नेपालमा स्थायित्व नआउनुको कारण आन्तरिक राजनीतिक शक्तिबीचको स्वार्थ द्वन्द्वको विकृति प्रमुख हो । यस्तै राजनीति द्वन्द्व र विकृतिका कारण नेपालले आवश्यक राजनीतिक स्थायित्व आर्थिक र संवैधानिक स्थायित्व प्राप्त गर्न नसकेको यथार्थ हो । कहिले आफ्नै कच्चा खेलबाट बाहिरिने, कहिले देश बाहिरको षड्यन्त्रको सिकार बन्ने यो नै नेपाली राजनीतिको वर्तमान अवस्था छ । दुई डुङ्गाबीचको तरुल नेपाल जो माथि यो निश्चित छ कि नेपाली राजनीतिको मैदानमा विदेशी खेलाडीहरुको दवाव र प्रभाव भने निकै बेजोड छ । जसले नेपाली राजनीतिमा स्थिरता कायम रहन नदिएको महशुस हुन्छ ।

नेपालको भूपरवेष्टित अवस्था, भौगोलिक अवस्था र संवेदनशील भूराजनीतिक अवस्थाले नेपालको सामरिक महत्व अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरुको माझमा प्रख्यात छ । छिमेकी राष्ट्रको शक्ति बढिरहेको बेला हामी भने अस्तित्वको लडाइँमा छौं, आफ्नो दुनो सोझ्याउनमा नै व्यस्त छौं । सबैभन्दा ठूलो समस्या त के छ भने अस्तित्वको लडाइँमा हामी कोरा सिद्धान्तमा बाँडिएका छौं, त्यो नै राष्ट्र र राष्ट्रियताका लागि सबैभन्दा ठूलो खतरा हो । हाम्रो आँखामा स्वार्थको पट्टि लागेको छ । कानले 'म' बाहेक अरु केही सुन्दैन र सुन्न चाहँदैन । जबसम्म नेताहरुले राजनीतिक संस्कारलाई भुलेर जनताका दुःख-पीडालाई भाषणको एक किस्सामात्र बनाउँदछन् अनि गफमा मात्र राष्ट्रवादका कुरालाई सिमित राख्दछन् तबसम्म विकास हुन असम्भव छ ।

आफ्नो हित, सत्ता र सुविधाका लागि जे गर्न पनि पछि नपर्ने नेताहरु र नेताहरुको मिथ्या भाषणले नेपाली जनताको कान पाकिसकेको छ । ठूला कुरा र फूर्ति लगाउने अनि कामलाई भने सधैँ एकादेशको कथा बनाउने र जनता छल्ने प्रवृत्ति नेपाली राजनीतिले लिँदै आएको बाटो हो ।

जनतालाई भ्रममा रख्ने र उनीहरुको भावनामा ठेस पुऱ्याएर पाउनुपर्ने सुविधा, हक, अधिकार, न्याय जस्ता कुरामा कान बन्द गर्ने दल र नेताहरुले आफ्नो सत्ता र सुविधा टिकाउन नेपाली जनतामाथि हरेक पटक मिथ्या भाषणले पासो थापेको हामीले देखिरहेका र भोगीरहेका छौं । राजनीतिक शासन व्यवस्थाहरु शाह वंश, राणाकाल, पञ्चायत प्रजातन्त्र, लोकतन्त्र कहीँ, कहिले कुशल राजनीतिको नेताहरुले आभाष गराउन सकेनन् । फलस्वरूप नेपाली राजनीति सधैँ पछाडि परेको छ र राजनीतिक विकृति फष्टाउँदो छ ।

## चोरी भएको मोटरसाइकल फिर्ता



**भद्रपुर, चैत ३।** झापामा चोरी भएको मोटरसाइकल प्रहरीले सवारीधनीलाई फिर्ता गरेको छ ।

अर्जुनधारा नगरपालिका- ११ नयाँ बसपार्कस्थित माउन्ट मेची होटेल अगाडि पार्किङ गरी राखिएको मोरङ विराटनगर महानगरपालिका-७ बस्ने रोशन कार्कीको नाममा दर्ता कायम रहेको को ३२ प ६६४७ नम्बरको जिक्सर मोटरसाइकल गत पुस १८ गते चोरी भएको थियो । मोटरसाइकल चोरी भएपछि सवारीधनी कार्कीले इलाका प्रहरी कार्यालय अनारमनिमा निवेदन दिएका थिए ।

सोही निवेदनको आधारमा प्रहरीले खोजतलास गर्ने क्रममा चैत १ गते भद्रपुर नगरपालिका- १० स्थित सडक किनारमा बेवारिसे अवस्थामा भेटाएको र भेटाएको मोटरसाइकल जिल्ला प्रहरी कार्यालय झापाले सवारीधनी कार्कीलाई बोलाएर फिर्ता गराएको प्रहरीले जनाएको छ ।

## कांग्रेसले 'राष्ट्रिय शिक्षा नीति'लाई सातै प्रदेशमा छलफल गर्ने

**झापा, चैत ३।** नेपाली कांग्रेसले 'राष्ट्रिय शिक्षा नीति'लाई सातै प्रदेशमा छलफल गर्ने भएको छ ।

कांग्रेस शिक्षा विभागका प्रमुख एवम् कांग्रेस केन्द्रीय सदस्य हरिप्रसाद नेपालको संयोजकत्वमा पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको बैठकले कांग्रेस शिक्षा विभागले तयार पारेको राष्ट्रिय शिक्षा नीतिलाई देशभर छलफल गर्ने निर्णय गरेको हो ।

कांग्रेसले 'राष्ट्रिय शिक्षा नीति'लाई सातै प्रदेशमा छलफल गर्नका लागि संयोजक समेत तोकेको छ । विभागले प्रदेश नं. १ मा गोकर्ण बानियाँ, प्रदेश नं. २ मा रघुसिंह थारू, वाग्मती प्रदेशमा दीपेन्द्र सिजापति, गण्डकी प्रदेशमा चिनु रानाभाट, लुम्बिनी प्रदेशमा राधेश्याम पाठक, कर्णाली प्रदेशमा डा. महेन्द्रकुमार मल्ल र सुदूरपश्चिम प्रदेशमा सुरेशराज जोशीलाई संयोजक तोकेको छ ।

तोकिएका संयोजकहरुले सातवटै प्रदेशमा व्यापक छलफल गरी सुझाव संकलन गर्ने निर्णय गरेको शिक्षा विभागका सचिव डा. कृष्णप्रसाद पौडेलले जानकारी दिए ।

## महिलाले बलात्कारको झुटो आरोप लगाएपछि-

**झापा, चैत ३।** बलात्कारको झुटो आरोप लगाउने वीरेन्द्रनगरकी ३७ वर्षीया महिलालाई जिल्ला अदालत सुर्खेतले कैद सजायको फैसला गरेको छ । जिल्ला न्यायाधीश डा. राजेन्द्रकुमार आचार्यको एकल इजालसले ती महिलालाई तीन वर्ष छ महिनाको कैद सजाय गर्ने फैसला गरेको हो ।

वीरेन्द्रनगर नगरपालिकाको लेखा शाखामा कार्यरत खेमराज शर्माले आफूलाई होटलमा बोलाएर बलात्कार गरेको भन्दै ती महिलाले गत असोजमा जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएकी थिइन् । आफूमाथि बलात्कार भएको भन्दै जाहेरी दिएकी महिलाले नै अदालतमा बयान फेरेपछि अदालतले शर्मालाई सफाइ दिएको हो ।

झुटो जाहेरी दिएर व्यक्तिको मानहानी गरेको ठहर भएपछि जाहेरी दिने महिलालाई तीन वर्ष कैद सजाय तोकिएको जिल्ला अदालत सुर्खेतका स्रेस्तेदार यामप्रसाद बाँस्कोटाले बताए । अदालतको फैसलापछि महिलालाई पक्राउ गरेर कारागार चलान गर्न प्रहरीलाई पत्राचार समेत गरिएको स्रेस्तेदार बाँस्कोटाले जानकारी दिए ।

# सीमा बन्दले ढुवानीमा बढी रकम



□ दिलकुमार लिम्बू

**फुङ्लिङ, चैत ३।** ताप्लेजुङको ओलाङ्चुङ्गोला सीमानाका १६ महिनादेखि बन्द छ। कोरोना भाइरसको संक्रमणको उच्च जोखिमका कारण टिप्ताला सीमा बन्द भएको हो। गत वर्षको मंसीरदेखि नाका बन्द छ। कोरोना भाइरस सीमावर्ती हुँदै छिमेकी मुलुकमा समेत फैलिन सक्ने भन्दै चीनले नाका आवात-जावत बन्द गरेको थियो।

गत माघ १६ गते चीनको तिब्बतस्थित रिउ प्रशासनबाट केही अवधिसम्मका लागि आवत-जावत नगर्न जानकारी भएको फक्ताङलुङ गाउँपालिका-७ ओलाङ्चुङ्गोलाका वडाध्यक्ष छेतेन शेर्पाले बताए। सडक निर्माणका लागि आएका चिनियाँ कामदारको टोली फर्किए लगत्तै रिउ प्रशासनबाट आवत-जावतमा रोक लगाउन अनुरोध भएसँगै नाका बन्द भएको थियो।

वर्षाको समयमा याङ्मा, थुदाम, ओलाङ्चुङ्गोला र तोक्पेगालाबासी दैनिक उपभोग्य सामग्रीका लागि चिनियाँ बजारकै भर पर्छन्। वर्षामा बाढी-पहिरो लगायतका कारण त्यहाँका स्थानीय सदरमुकाम फुङ्लिङ्सम्म आइपुग्न सक्दैनन्। गाउँपालिका–७ ओलाङ्चुङ्गोला, याङ्मा र घुन्सा क्षेत्रका ८० प्रतिशत मानिस चीनको बजारमा निर्भर रहेको वडाध्यक्ष शेर्पा भोटेले बताए। नाका बन्द भएपछि चीनसँगको व्यापार ठप्प भएको वडाध्यक्ष भोटेले बताए। ओलाङचुङ्गोला समुद्र सतहदेखि तीन हजार दुई सय मिटर उचाइमा पर्दछ। यस क्षेत्रका समुदायको प्रमुख व्यवसाय व्यापार र पशुपालन हो।

याङ्मा समुन्द्र सतहदेखि चार हजार दुई सय मिटरमा पर्दछ। विगतमा याङ्मावासी चीनको बजारमा निर्भर थिए। लामो समयसम्ममा पनि टिप्ताला नाका नखुलेपछि आवश्यक खाद्य सामग्री ताप्लेजुङको सदरमुकामदेखि ढुवानी गर्दै आएको कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्का सहायक कार्यक्रम संयोजक जितेन चेम्जोङले बताए। नाका बन्द भएपछि आर्थिक संकट हुँदै आएको चेम्जोङले बताए। चौंरी, याक तथा पशुजन्य खाद्यपदार्थको बजार चीन हो।

ओलाङ्चुङ्गोला निवासी तेन्जिङ वालुङले चौंरी याक, घीउ, छुर्पी, याक र चौंरीका मासु, जमर (याकको पुछर) चीनको बजारमा व्यापार हुने भए पनि नाका बन्दका कारणले समस्या भइरहेको जानकारी दिए। एक त दुर्गम पहाडी जिल्ला, त्यसमा पनि अनेक समस्याले भरिएको यो ठाउँमा आयआर्जनका सबै उपाय बन्द भएकाले स्थानीयबासीको जीवन कष्टकर बन्दै गएको आभाष भइरहेको छ।

पशु व्यवसायदेखि उत्पादन भएको पशुजन्य वस्तुहरुले बजार नपाएपछि व्यवसायी आर्थिक संकटको चपेटामा परेको वालुङले बताए। ओलाङ्चुङ्गोलामा बुनेका गलैंचाले चीनमा राम्रो बजार लिएको छ। गलैंचा बिक्री गरेरै राम्रो आयआर्जन हुन्छ। तर, अहिले यो सम्भावना समाप्त भएको स्थानीय लामा भुजुङ शेर्पाले बताए। घर खर्च टार्न उत्पादन गरेको गलैंचा सदरमुकाम पुऱ्याएर उत्पादन लागतभन्दा कम मूल्यमा बिक्री गर्न बाध्य भएको शेर्पाले बताए।

इलाम, पाँचथर, तेह्रथुम र ताप्लेजुङका विभिन्न स्थानमा उत्पादन भएको चिराइतो नाका बन्द अगाडि नै चीन पठाउन ओलाङ्चुङ्गोलामा पुऱ्याएर राखिएको थियो। लामो समयसम्म नाका बन्द हुँदा फेरि सदरमुकाम हुँदै भारत पठाउनु परेको व्यापारी दावा च्युङदाक शेर्पाले बताए।

चीनमा चिराइतो निकासी नभएपछि ताप्लेजुङ, पाँचथर, इलाम र तेह्रथुमका कृषक निराश भएको ताप्लेजुङ सिरिङ्गा गाउँपालिका-७ यामफुदिन निवासी मनकुमार राईले बताइ। चीनतर्फ चिराइतो निर्यात हुन छोडेसँगै खेती गर्न छोड्दै गएको फक्ताङलुङ गाउँपालिका-६ निवासी कृषक राजकुमार राईले बताए।

यसैबीच लामो समय टिप्ताला नाका बन्द हुँदा ओलाङ्चुङ्गोला, याङमा, घुन्सा फले साथै फक्ताङलुङ गाउँपालिकाका विभिन्न बस्तीमा बसोबास गर्ने समुदायले सदरमुकाम फुङ्लिङ बजारमा निर्भर रहनुपरेको छ। सदरमुकामदेखि ओलाङचुङ्गोलासम्म ५० केजी चामल पुऱ्याउँदा प्रतिकेजी रु. एक सय ढुवानी पर्न आउँछ। ५० केजी चामल भएको एक बोराको रु. पाँच हजार ढुवानी खर्च लाग्ने फक्ताङलुङ गाउँपालिका-७ का वडाध्यक्ष छेतेन शेर्पा भोटेले बताए।

ताप्लेजुङको सदरमुकाम फुङलिङदेखि एकदिनमा रानी पुलसम्म गाडीमा सामान पुऱ्याउन सकिन्छ। रानी पुलदेखि खच्चड र मान्छेले बोकेर ओलाङचुङ्गोला, याङ्मा, फले र घुन्सा जस्ता तीन हजार दुई सयदेखि चार हजार पाँच सयसम्मको उचाइका बस्तीहरुसम्म खाद्यसामग्री ढुवानी गर्नु पदर्छ। सामान खरिद गरेको पैसाभन्दा ढुवानीमा तीन गुणा बढी खर्च लाग्ने भोटेले बताए। नाका बन्दा नहुँदा चीनदेखि टिप्ताला नाकासम्म चीनको गाडीले सामान ल्याउने गरेको थियो। सीमा क्षेत्रदेखि आफ्नै याकलाई सामान बोकाएर घरसम्म पुऱ्याउने गरेको भोटेले बताए।

त्यस्तै संखुवासभाको किमाथाङ्का र टिप्ताला नाका खुल्ला गर्न गृह मन्त्रालयले गत बिहीबार पत्राचार गरेको जिल्ला प्रशासन कार्यालयका उमेश पाण्डेले बताउँदै सीमा प्रहरीको पास लिएर आवत-जावत गर्न सकिने जानकारी दिए। गृह मन्त्रालयको पत्र अनुसार आउजाउ गर्न खुल्ला गरिएको भनी उल्लेख गरिएको छ। एक पक्षले मात्र नाका खुल्ला गरेर नहुने फक्ताङलुङ गाउँपालिकाका प्रवक्ता छेतेन लामाले बताए।

नाका खुलाउन दुई पक्षको सहमतिमा मात्र सम्भव रहेको प्रवक्ता लामाले बताए। आवश्यक सामग्री माग गरे भने सीमा क्षेत्र टिप्तालासम्म पुऱ्याइ दिने चीनका व्यापारीहरुले बताएको प्रवक्ता लामाले जानकारी दिए। मानिस आउजाउ गर्न भने नपाइने लामाले बताए।

# भूमि सम्बन्धी समस्या समाधान गर्न अभिमुखीकरण



**बिर्तामोड, चैत ३।** लुथरन वर्ल्ड फेडेरेसनको आर्थिक सहयोगमा सञ्चालित न्याय तथा विकासका लागि सामाजिक सञ्जाल झापा (एसएनजेडी) र गौरीगञ्ज गाउँपालिकाको आयोजनामा भूमि सम्बन्धी समस्या समाधानका बारेमा पालिकाका पदाधिकारी र सरोकारवालाहरुलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासी लगायतको सामाजिक न्याय र जीवनस्तर सुधारका लागि भूमिको समन्यायिक वितरण र दिगो व्यवस्थापन गर्ने उद्देश्यले अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको एसएनजेडी झापाका कार्यक्रम संयोजक कुमार चुडालले बताए।

गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण भूमि सम्बन्धी समस्या समाधान आयोग जिल्ला कार्यसमिति झापाका सदस्य सचिव रुद्रप्रसाद न्यौपाने, विज्ञ सदस्य राधाकृष्ण खनाल र सदस्य मदन अधिकारीले गरेका थिए।

कार्यक्रममा सहजकर्ता न्यौपाने, खनाल र अधिकारीले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन कार्यविधि २०७७, भूमि सम्बन्धी समस्या समाधानमा स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुको जिम्मेवारी लगायतका विषयमा जानकारी गराएका थिए।

कार्यक्रममा गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठले भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबास गर्दै आएकालाई व्यवस्थापनका लागि भूमि सम्बन्धी ऐन लगायतका प्रचलित कानून अनुसार काम गर्न भूमि सम्बन्धी समस्या समाधान आयोग जिल्ला कार्यसमिति झापासँग सम्झौता शुरु गरिएको जानकारी दिए।

कार्यक्रममा गौरीगञ्ज गाउँपालिकाका उपाध्यक्ष दिपिन्द्र थापा, प्रमुख प्रशासकिय अधिकृत राजु दाहाल, सबै वडाका अध्यक्ष, उपाध्यक्ष, वडा सदस्य, वडा सचिव, कर्मचारी लगायतको सहभागिता रहेको थियो।

त्यस्तै एसएनजेडी झापाको तर्फबाट अध्यक्ष सोमनाथ भट्टराई, कार्यक्रम संयोजक कुमार चुडाल, योजना अनुगमन तथा मूल्याङ्कन अधिकृत रञ्जन धमला लगायतको सहभागिता रहेको थियो।

सोही प्रकारको अभिमुखीकरण कार्यक्रम झापा गाउँपालिकामा समेत सम्पन्न गरिएको एसएनजेडी झापाका योजना अनुगमन तथा मूल्याङ्कन अधिकृत धमलाले बताए।

त्यस्तै एसएनजेडी झापाले झापाका १५ वटै स्थानीय तहका मेयर, उपमेयर, अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतलगायतको सहभागितामा जिल्लास्तरीय अभिमूखिकरण कार्यक्रम सम्पन्न गरेको उनले जानकारी दिए।

# हेवन वाटर पार्कमा अनुप्रस्था ब्याण्ड



**बिर्तामोड, चैत ३।** अनुप्रस्था ब्याण्डले बिर्तामोडको हेवन वाटर पार्कमा सांगीतिक प्रस्तुति दिने भएको छ।

अनुप्रस्था ब्याण्डले नेपाल टुर अन्तर्गत उपत्यकापछि पहिलो सांगीतिक कार्यक्रम आगामी चैत ६ गते बिर्तामोडको हेवन वाटर पार्कमा गर्ने भएको हो। नेपाल टुर अन्तर्गत ब्याण्डले पहिलो प्रस्तुति काठमाडौंस्थित प्लाटिनियम क्लवमा गरेको थियो।

पर्यकटीय गन्तब्यको रुपमा विकास भइरहेको हेवन वाटर पार्कमा आन्तरिक पर्यटकको लागि सांगीतिक कार्यक्रम आयोजना गर्दै आएको पार्कका प्रबन्ध निर्देशक नेपाल रत्न शिवाकोटीले जानकारी दिए। नेपाली युवाले सर्वाधिक रुचाएको ब्याण्ड अनुप्रस्था ब्याण्ड हेवन वाटर पार्कमा आउने निश्चित भएपछि झापाका सांगीतिक प्रेमीहरु उत्साहित भएका छन्।

चैत ६ गते साँझ ६ बजेदेखि शुरु हुने कार्यक्रममा सहभागी बन्न अग्रिम टिकट गर्नेलाई दुई सय ५० र कार्यक्रम कै दिन टिकट गर्नेहरुलाई तीन सय रुपैयाँ शुल्क निर्धारण गरिएको प्रबन्ध निर्देशक शिवाकोटीले बताए।

# सिटीसफारीको ठक्करबाट पैदलयात्रीको मृत्यु

**सुनसरी, चैत ३।** सुनसरी धरान-५ देउरालीका ३५ बर्षीय किशोर विकको सिटीसफारीको ठक्करबाट मृत्यु भएको छ।

धरान-१५ श्यामचौंकस्थितमा को १ ह ७८५९ नम्बरको सिटीसफारीले ठक्कर दिएर घाइते भएका पैदलयात्री किशोरको घोपा धरानमा उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय धरानले जनाएको छ।

सिटीसफारी र त्यसका चालक धरान-१५ का मानबहादुर लिम्बूलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।


**पत्रिका पढ्ने बानी बसालौं।**

**रेष्टुरेन्ट बिक्रीमा**
झापाको बिर्ताबजारमा अति चालू अवस्थाको रेष्टुरेन्ट तु-बिक्रीमा छ।
सम्पर्क : ९८२६९४३८८९

**सुरक्षागार्ड चाहियो**
पूर्व नेपाल प्रहरी तथा नेपाली सेनामा काम गरी अवकाश प्राप्त केही सुरक्षा गार्डहरु चाहिएको हुँदा काम गर्न इच्छुक व्यक्तिले तु-सम्पर्क राख्नुहोला।
लेखापाल : १ जना
योग्यता : +२ पास (अनुभवी)
**सेक्टरवान सेक्यूरिटी सर्भिस**
बिर्तामोड, झापा
फोनः (९८२४९८२२९६, ९८५२६४१७४०, ९८१७९२६३२२)

**सुवर्ण अवसर ! सुवर्ण अवसर !!**
CTEVT बाट सम्बन्धन प्राप्त तथा नेपाल सरकारबाट मान्यता प्राप्त यस सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टरमा रु. १५,०००/- मा ४५ दिने ब्यूटिसियन सम्बन्धी Level-1 (Basic Course) तथा CTEVT Exam सहितको तयारी कक्षा ब्यूटिसियन विज्ञ तथा Assessor बाट सञ्चालन मिति २०७७ साल चैत्र ९ गतेबाट शुरु हुँदैछ। यस अवसर अन्तर्गत (Basic Course) सिक्न र Level-1 को परीक्षा दिन चाहने इच्छुक ब्यूटिसियनहरुले २०७७ चैत्र ७ गतेभित्र सीप परिक्षणको दरखास्त फाराम भर्नका लागि सम्पर्क राख्नुहोला। सिट सिमित छ।
**सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टर,** बिर्तामोड, झापा
फोन : ९८०४९४७२७५, ९८१४९८३२७३

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्रर्बो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोन झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

**कर्मचारी आवश्यकता**
कुक : ३ वेटर : ४
क्लिनर : २ क्यासियर : १
तलब : आपसी समझदारीमा
**मार्सी होटल तथा आशीर्वाद क्याटरिङ्ग**
कन्काई रोड छेउ
(फोनः ९८४२६२४८७५, ९८२४०८५४७४)

**कर्मचारी आवश्यकता**
२० बर्षमाथि ५० बर्षसम्म उमेर भएका महिला/पुरुष सिभिल (भूपू प्रहरी) आर्मीलाई विशेष ग्राह्यता) सेक्युरिटी गार्डको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला।
महिला : १० जना उमेर : २० देखि ३० वर्ष
पुरुष : २० जना उमेर : २५ देखि ५० वर्ष
कार्यक्षेत्र : झापा जिल्लाभर
**पर्फेक्ट सेक्युरिटी सेन्टर**
सिटी सेन्टर पूर्व देवी क्याम्पस चोक
मो ९८४२६२५०२०, ९८०४७७१५६८

**हाडजोर्नी तथा नसाका विरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा**
स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका वरिष्ठ डाक्टर अनिलकुमार महतो यही चैत्र ५ गते बिहीबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ। आफ्नो समस्या जाँच गराइ मौकाको फाइदा लिनुहोस्।
जाँच हुने समस्याहरु :
- ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झमझमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० बजेदेखि ३:०० बजेसम्म
**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८५२६७५०३३)

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**विरामी वर्गलाई खुशीको खबर**
अत्यन्तै सरल, सहज ढंगले क्षारसूत्र विधिले पायल्स, फिस्टुला, फिसर तथा यौवन कमजोरी लगायत दम, खोकी, पिनासको उपचार गरिन्छ। साथै जाडरक्सी थाहै नपाइ १००% छुटाइन्छ।
मो. ९८४२६४३६१८/९८०४९९४८८०
शनिश्चरे रोड, शिखर बजार पछाडि, बिर्तामोड, झापा

**पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला**
हिन्दी चलचित्र : ROOHI
पहिलो शो ११:४५ । दोस्रो शो २:४५ । तेस्रो शो ६:३०
बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ। (फोन नं. ०२३-५४६४३६)




सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ। तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्ने छन्। आकर्षक उपहारले उत्साह जगाउनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ। बिछोडिएका आफन्तहरू नजिकिन सक्छन्।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। साँझतिर लेखन तथा सिर्जनात्मक काममा रुची बढ्नेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका हुनेछ। भैपरी आउने खर्च बढ्नुका साथै अर्थ अभावले सताउन सक्छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ। फाइदाका लागि दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला। खर्च लागे पनि लामो यात्रा सम्भावना छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ। साँझतिर आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
आम्दानीका स्रोत सबल देखिए पनि परिस्थितिवश खर्च बढ्नेछ। नपुग रकम कर्जामार्फत जुटाउनुपर्ने हुन सक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
श्रमको उचित मूल्यांकन भए पनि प्रतिफल हातलागी हुन समय लाग्नेछ। व्यापार बढे पनि लाभांश कमजोर हुने देखिन्छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
साँझतिर फजुल खर्च बढ्नाले चिताएको कामलाई रकम अभाव हुनेछ। केही खर्च लागे पनि देश-विदेश घुम्ने अवसर भने प्राप्त हुन सक्छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ। रोकिएको काम बन्नेछ भने जिम्मेवारी बढ्न सक्छ। विशेष भेटघाटले काममा उत्साह बढाउला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
अरूलाई प्रभावित पारेर फाइदा उठाउने समय छ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। सामाजिक दायित्व हातलागी हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
साँझतिर श्रमको उचित मूल्यांकन हुनेछ भने प्रतिक्षा गरिएको काम बन्न सक्छ। व्यापारमा प्रशस्त फाइदा हुनेछ।